**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- केंद्रीय मंत्रिमंडलले वर्ष 2025-26 का लागि प्रधानमंत्री उज्ज्वला योजनाका उपभोक्ताहरुका लागि 12 हज़ार करोड़ रुपये भन्दा बढ़ीको सब्सिडी जारी राख्न मंज़ूरी दिईएको छ।

- सरकारले असम र त्रिपुराका लागि चार हजार दुई सय पचास करोड़ रुपियाँको विशेष विकास पैकेजलाई मंज़ूरी दिईएको छ।

- रेलवेले साढे चार किलोमिटर लामो मालगाड़ी-**रुद्राष्ट्र**को सफलतापूर्वक परीक्षण गरेर ठूलो सफलता हासिल गरेको छ। यो एसियाकै सबैभन्दा लामो मालगाड़ी हो।

- दिल्ली विधानसभाले **स्कूल फीस विनियमन विधेयक** पारित गरेको छ। यसको उद्देश्य दिल्लीका गैर-सरकारी स्कूलहरूमा मनमानी तरिकाले फीस वृद्धि माथि रोक लगाउनु हो।

- आज देशभरि रक्षाबंधनको पर्व हर्षोल्लासका साथ मनाइँदैछ।

**कैबिनेट ब्रीफिंग**

सरकारले 12 हजार करोड रुपियाँभन्दा बढीको अनुमानित लागतमा वर्ष 2025-26 का लागि प्रधानमन्त्री उज्ज्वला योजनाका उपभोक्ताहरुका लागि सब्सिडी जारी राख्न स्वीकृति दिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा हिज मंत्रिमंडलको बैठकमा यो निर्णय लिईएको हो।नयाँ दिल्लीमा मंत्रिमंडलको निर्णयको बारेमा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो यस योजनाबाट 10 करोड 33 लाख भन्दा बढी परिवार लाभान्वित भएका छन्। सरकारले 14 किलो 200 ग्रामको एलपीजी सिलिन्डरमा 300 रुपियाँसम्म सब्सिडी दिनेछ। श्री वैष्णवले भन्नुभयो यो सब्सिडी वर्षमा नौ पटकसम्म सिलिन्डर भर्नमा प्राप्त हुनेछ। सरकारले IOCL, BPCL र HPCL लगायत तीन सार्वजनिक क्षेत्रका तेल विपणन कम्पनीहरूका लागि तीस हजार करोड रुपियाँको क्षतिपूर्ति राशि पनि स्वीकृत गरेको छ।

BYTE LPG

श्री वैष्णवले यो पनि जानकारी दिनु भयो सरकारले तकनीकी शिक्षा योजनामा बहुविषयी शिक्षा र अनुसन्धान सुधार गर्न चार हजार दुई सय करोड रुपैयाँको बजेटको सहयोगलाई पनि स्वीकृत गरेको छ। उहाँले भन्नुभयो यो योजनाको उद्देश्य तकनीकी शिक्षाको गुणस्तर, क्षमता र शासनमा सुधार गर्ने हो। श्री वैष्णवले भन्नुभयो यस योजना अन्तर्गत अनुमानित 275 सरकारी र सरकारी सहायता प्राप्त तकनीकी संस्थाहरूलाई चयन र समर्थन गरिने सम्भावना छ।सूचना तथा प्रसारण मन्त्रीले सरकारले चार हजार 250 करोड रूपियाँको असम र त्रिपुराको लागि विशेष विकास प्याकेजको विद्यमान केन्द्रीय क्षेत्र योजना अन्तर्गत चार नयाँ घटकहरूलाई पनि स्वीकृति दिईएको छ।उहाँले भन्नुभयो पूर्वाधार र आजीविका परियोजनाहरूको विकासले यी राज्यहरूमा आम्दानी बढाउनुका साथै रोजगारीका अवसरहरू सिर्जना गर्नेछ।

BYTE ENGINEERIN COLLEGE

श्री वैष्णवले सरकारले तमिलनाडुमा चार लेनको मरक्कनम-पुडुचेरी राजमार्ग निर्माणलाई पनि स्वीकृति दिईएको जानकारी दिनुभयो।उहाँले भन्नुभयो यस परियोजनामा कुल दुई हजार 157 करोड रुपियाँ खर्च हुनेछ। श्री वैष्णवले भन्नुभयो यो परियोजनाले अवस्थित करिडोरमा भीडभाड कम गर्नेछ र चेन्नई, पुडुचेरी, विलुप्पुरम र नागापट्टिनम जस्ता तेज गतिमा बढ्दै गइरहेको शहरहरूको आवश्यकताहरू पूरा गर्नेछ।

BYTE ROAD

**रेलवे-ट्रायल रन**

रेलवेले साढे चार किलोमिटर लामो मालगाड़ी-**रुद्राष्ट्र**को सफलतापूर्वक परीक्षण गरेर ठूलो सफलता हासिल गरेको छ। रेलमन्त्री अश्विनी वैष्णवका अनुसार यो एसियाकै सबैभन्दा लामो मालगाड़ी पनि हो। परीक्षणको क्रममा, यो मालगाड़ीले उत्तर प्रदेशको चन्दौलीको गंजख्वाजा रेलवे स्टेशन र झारखण्डको गढवा बीचको 209 किलोमिटरको दूरी प्रति घण्टा साढे चालीस किलोमिटरको गतिमा पाँच घण्टा 10 मिनेटमा पार गर्यो। यो ट्रेनमा 7 इन्जिन र 345 वैगन थिए।

**सरकार- टमाटर कीमत**

सरकारले स्थानीय कारणले गर्दा देशमा टमाटरको खुद्रा मूल्य बढिरहेको बताएको छ। सरकारले टमाटरको माग-आपूर्तिमा कुनै असन्तुलन नभएको र उत्पादनमा पनि कमी नआएको स्पष्ट पारेको छ।उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले जुलाईको अन्तिम सातादेखि देशको उत्तर-पश्चिमी र उत्तरी क्षेत्रहरूमा भारी वर्षाका कारण दिल्लीमा टमाटरको मूल्य प्रति किलो 85 रुपियाँ पुगेको बताएको छ। यद्यपि, आजादपुर मण्डीमा टमाटरको लगातार उपलब्धताका कारण यसको खुद्रा मूल्यहरू अब घट्दै गएको छ।

**दिल्ली स्कूल-फीस**

दिल्ली विधानसभाले **स्कूल फीस विनियमन विधेयक** पारित गरेको छ। यसको उद्देश्य दिल्लीका गैर-सरकारी स्कूलहरूमा मनमानी तरिकाले फीस वृद्धि माथि रोक लगाउनु हो।यो विधेयक पारित भएपछि अब दिल्लीका निजी स्कूलहरूले फीस बढाउन बालबालिकाका र अभिभावकको सहमति लिनुपर्नेछ।दिल्लीका शिक्षामन्त्री आशिष सूदले विधानसभामा भन्नुभयो यदि एकैजना अभिभावक पनि फीस वृद्धि प्रस्तावमा असहमत छन भने यसलाई मंजुर गरिने छैन।**दिल्ली स्कूल शिक्षा फीस निर्धारण र विनियमनमा पारदर्शिता विधेयक, 2025** अनुसार, मनमानी ढंगमा फीस वृद्धि गर्ने स्कूलहरूलाई जरिवाना गर्न सकिन्छ र भविष्यमा फीस बढ़ाउने प्रस्ताव दिने अधिकार खोसिन सक्छ।विधेयकमा शुल्क नियमन प्रक्रियाको निगरानी गर्न तीन समिति गठनको व्यवस्था पनि गरिएको छ – यसमा एक स्कूल स्तरमा, एक जिल्ला स्तरमा र एक उच्चस्तरीय समीक्षा समिति हुनेछ।

**रक्षा बंधन**

दाजुभाइ-दिदीबहिनीको स्नेहको पर्व रक्षाबंधन आज देशभरि हर्षोल्लासका साथ मनाइँदैछ। यस दिन दिदीबहिनीहरूले आफ्ना दाजुभाइको नाडीमा राखी बाँधेर उनीहरुको दीर्घायुको कामना गर्ने गर्छन्।

**राष्ट्रपति-राखी शुभकामना**

राष्ट्रपति द्रौपदी मुर्मुले यस अवसरमा देशवासीहरुलाई शुभकामना दिनु भएको छ। राष्ट्रपतिले आफ्नो सन्देशमा भन्नुभएको रक्षा बन्धनको पवित्र पर्वले दाजुभाइ र दिदीबहिनी बीचको प्रेम र विश्वासको अद्भुत बन्धनलाई दर्शाउँदछ।उहाँले भन्नुभयो यो पर्वले समाजमा सद्भाव र एकताको भावनालाई बढावा दिन्छ। राष्ट्रपति मुर्मुले भन्नुभयो यो पर्व भारतको समृद्ध सांस्कृतिक सम्पदा र नैतिक मूल्यहरूको संरक्षण गर्ने अवसर पनि हो।यसले महिलाहरुको अधिकारको रक्षा र सम्मान गर्ने सबैको दृढ संकल्पलाई बलियो बनाउँछ।

**स्वदेशी राखी - शिवराज सिंह चौहान**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले महिला सशक्तिकरण बारे जोड दिनुभएको छ। उहाँले देशभरिका महिला स्व-सहायता समूहहरूको कौशल, समर्पण र उद्यमशीलताको विषमा बोल्नुभयो। श्री चौहानले हिजे नयाँ दिल्लीमा स्व-सहायता समूहका महिलाहरूसित रक्षाबंधन मनाउँदै सो कुरा भन्नुभएको हो। श्री चौहानले भारतलाई विकसित बनाउन स्व-सहायता समूहहरूको महत्त्वपूर्ण भूमिका रहेको पनि बताउनु भयो। उहाँले नागरिकहरूलाई स्वदेशी उत्पादहरू खरिद गरेर स्थानीय कारीगरहरू र महिला स्व-सहायता समूहहरूलाई सहयोग गर्न र स्थानीय उत्पादलाई बढ़ावा दिन आग्रह गर्नुभयो।

**नेपाल - जनई पूर्णिमा**

नेपालमा, मानिसहरूले आज शुभ जनै पूर्णिमा मनाईरहेका छन् , यो नेपाली श्रावण महिनाको पूर्णिमाको दिन मनाईन्छ। नेपालभरि, ब्राह्मण र क्षेत्री जातिका पुरुषहरूले जनै नामक सुती धागो किनेका छन् जुन पूर्णिमाको दिन अभिषेक गरि लगाइन्छ,जुन शुद्धीकरण र आध्यात्मिक नवीकरणको प्रतीक हो।जनै पूर्णिमाको आगमनले नेपालमा चाडपर्वको मौसम सुरु भएको संकेत दिंदछ जसमा **गाययात्रा, इंद्रयात्रा,** , दशैं र अन्य चाडपर्वहरू सामेल छन्।

**एशियाई मुक्केबाजी अंडर-19**

**अंडर-19 एशियाई मुक्केबाजी चैंपियनशिप**मा, सात महिलाहरु सहित 10 भारतीय मुक्केबाजले हिजो **बैंकॉकमा** आ-आफ्नो **सेमी-फाइनल** प्रतियोगितामा उत्कृष्ट जीत दर्ता गरि **स्वर्ण पदकका लागि** प्रतिस्पर्धा गर्नेछन।

**राज्यसभा - मन की बात**

आकाशवाणीमा प्रधानमन्त्री नरेन्द्र मोदीको 'मन की बात' कार्यक्रम सुरु भएदेखि अहिलेसम्म ३४ करोड रुपिया भन्दा बढीको राजस्व प्राप्त भएको छ। सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल मुरुगनले हिज राज्यसभामा एक प्रश्नको लिखित जवाफमा उक्त जानकारी दिनुभयो । यस मासिक रेडियो कार्यक्रम मार्फत प्रधानमन्त्री मोदीले शिक्षा, स्वास्थ्य, पर्यावरण, नवाचार र सामाजिक सेवा जस्ता क्षेत्रमा भारतीयहरूले आफ्नो जीवनमा प्रभाव पारेको प्रेरणादायी कथाहरू साझा गर्नु भएको छ । श्री मुरुगनले श्रोताहरूको एक ठूलो भाग यो कार्यक्रम सुनेपछि आकाशवाणीसँग जोडिएको पनि बताउनु भयो । आकाशवाणीले यसलाई आफ्नो राष्ट्रिय र क्षेत्रीय च्यानलहरू मार्फत प्रत्यक्ष प्रसारण गर्दछ ।

**मौसम**

मौसम विभागले आज अरुणाचल प्रदेशका केही भागहरुमा मुसलधारे वर्षा हुने पूर्वानुमान गरेको छ। आन्ध्र प्रदेश, बिहार, हिमाचल प्रदेश, जम्मू कश्मीर, मध्य प्रदेश, ओडिशा, उप-हिमालयी पश्चिम बंगाल, तमिलनाडु, पुडुचेरी, कराइकल, तेलंगाना, उत्तर प्रदेश, उत्तराखण्ड र पूर्वोत्तर क्षेत्रमा पनि आगामी दुई देखि तिन दिनमा भारी वर्षा हुने सम्भावना छ।